म.जि.प्र.का दर्ता नः
१०४/०६७/०६८

म.जि.हु.का.द.नं.
३०/०६९/०७०

बागमती प्रदेशको राजधानी हेटौंडाबाट प्रकाशित लोकप्रिय 'क' वर्गको समाचारपत्र

# समृद्ध समाज

SAMRIDDHA SAMAJ NATIONAL DAILY राष्ट्रिय दैनिक

वर्षः१४ अङ्कः- ९८ २०७९ फगुन १६ गते मंगलबार 28 February 2023, Tuesday - पृष्ठ ४ मूल्य रू. ५/-




### बालमैत्री घोषणा तयारीमा हेटौंडा

# रोकियो दुई वटा बालविवाह

समाज संवाददाता

हेटौंडाः बालमैत्री पालिका घोषणाको तयारीमा रहेको हेटौंडा उपमहानगरपालिकामा दुई वडामा बालविवाह रोकिएको छ। वडा सहजकर्ता तथा सम्पर्क व्यक्तिको सक्रियतामा हेटौंडा उपमहानगरको १४ र १७ नम्बर वडामा बालविवाह रोकिएको हो । दुबै वडामा फागुन १० गते हुन लागेको विवाह रोकिएको हो ।

गाउँमा १८ बर्ष भन्दा कम उमेरका बालबालिकाको विवाहका लागि दुवै पक्ष तयारी अवस्थामा रहेको जानकारी पाएपछि कानुनी आधारमा विवाह गर्नका लागि नमिल्ने भनी जानकारी गराउँदै बालविवाह रोकिएको उपमहानगरका महिला तथा बालबालिका महाशाखा प्रमुख बिष्णुकुमारी लामिछानेले जानकारी दिनुभएको छ।




नगरलाई बालमैत्री घोषणाको तयारीमा रहँदा महाशाखाबाटै वडा र विद्यालयहरुमा सचेतनाका कार्यक्रम सञ्चालनका क्रममा जाँदा वालविवाह हुँदै गरेका जानकारी पाएपछि वडा सहजकर्ता र वडा कार्यालयले तोकेको सम्पर्क व्यक्तिलाई परिचालन गरेर विवाह रोक्ने कार्य भएको उहाँले बताउनुभयो। उहाँका अनुसार यसअघि हेटौंडा उपमहानगरपालिका १९ मा वडा कार्यालय र जनप्रतिनिधिको सक्रियतामा बालविवाह रोकिएको थियो ।

बालमैत्री उपमहानगर घोषणाको तयारीका क्रममा विभिन्न होटल तथा व्यावसायिक क्षेत्रमा प्रयोग भएका ७ जना बालबालिकालाई पुनःस्थापनाको काम गरेको महशाखाले जनाएको छ । अहिले यसै क्षेत्रका भन्दा पनि बाह्य जिल्लाबाट आएर हेटौंडाका विभिन्न होटल तथा अन्य क्षेत्रका काम गर्ने बालबालिकाहरु रहेको बताइएको छ । बाह्य जिल्लाबाट आएर काममा रहेका ३ जना बालबालिकालाई संस्थागत रुपमा पुनःस्थापनाको काम भएको र ति मध्ये एकजना हेटौंडामै परिवारबाट छुटाएर राखिएको महाशाखाले जनाएको छ ।

केहीलाई पारिवारिक रुपमा पुनःस्थापनाको काम गरिएको छ । पारिवारिकरुपमा बालबालिकाको ख्याल पूर्णरुपमा नगर्ने, बाबु-आमा अव्यवस्थित ढंगबाट सडकमा नै रहने गरेकाले बच्चाको स्वास्थ्य अवस्था र लालनपालनलाई ख्याल गर्दै संस्थागत रुपमा पुनःस्थापनाको काम गरिएको हो । विभिन्न समस्यामा परेको बालबालिकाको पुनःस्थापना र व्यवस्थापनका लागि बालकोष स्थापना गरेका काम थालिएको महाशाखाले जनाएको छ ।

# राक्सिराङमा सार्वजनिक सुनुवाई



समाज संवाददाता

हेटौंडाः मकवानपुरको विकट राक्सिराङ गाउँपालिकामा सार्वजनिक सुनाई कार्यक्रम भएको छ । आइतबार राक्सिराङ-२ स्थित कुडुलेमा सार्वजनिक सुनुवाई कार्यक्रम भएको गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत देवचन्द्र गर्तौलाले जानकारी दिनुभयो ।

कार्यक्रममा सामाजिक सुरक्षा भत्ता वितरण कार्यक्रममा सहजीकरण, व्यवस्थित खानेपानी वितरण र बालविवाहसम्बन्धी नीति नियमबारे छलफल भएको प्रमुख गर्तौलाले बताउनुभयो । कार्यक्रममा सहभागीहरुले कृषि, सडक विस्तार हुन नसकेको, तरकारीको बजारीकरण र थौरै बजेट भएको गुनासो गरेका थिए । स्थानीयहरुले फलामे पोल हालेर काठे पोल विस्थापन गरिदिन माग गरेका छन् ।

यस्तै, चट्याङबाट हुने क्षतिबारे सचेतना र रोकथामका कार्यक्रम गर्न माग गरिएको प्रमुख प्रशासकीय अधिकृत गर्तौलाले बताउनुभयो । पालिकाभित्रका विद्यालयहरुमा शिक्षक दरबन्दी, विज्ञान प्रयोगशाला, कम्प्युटर प्रयोगशाला र खेल मैदानको अभाव भएको गुनासो आएको प्रमुख गर्तौलाले जानकारी दिनुभयो ।

कार्यक्रमलाई सम्बोधन गर्नुहुँदै राक्सिराङ गाउँपालिका अध्यक्ष राजकुमार मल्लले पालिकाभित्रका शिक्षा, कृषि, सडक र विजुलीबत्ती सबैको पहुँचमा पुऱ्याउने बताउनुभयो । उहाँले चालु आर्थिक वर्षमा गाउँसभाद्वारा स्वीकृत आयोजना तथा कार्यक्रम चाँडो कार्यान्वयन गर्ने बताउनुभयो। गाउँपालिकाको चालु आर्थिक बर्षको बजेट ६६ करोड ४४ लाख रुपैयाँ रहेकोमा २५ प्रतिशतभन्दा बढी खर्च भइसकेको प्रमुख गर्तौलाले बताउनुभएको छ ।

गाउँपालिकाले चालु आर्थिक वर्षमा करिब ६० प्रतिशत योजना सम्झौता गरेको उहाँले बताउनुभयो। गाउँपालिकाले आर्थिक वर्ष २०७९/८० मा सम्पन्न गर्ने २ सय ५ वटा योजनामध्ये १ सय १४ वटा योजना सम्झौता गरेको छ भने ४ वटा योजनाहरु सम्पन्न गरेको उल्लेख गरेको छ । २ नम्बर वडाध्यक्ष बाबुराम मोक्तानको सभाध्यक्ष तथा गाउँपालिकाका प्रमुख राजकुमार मल्लको प्रमुख आतिथ्यमा भएको कार्यक्रममा पालिकाका उपप्रमुख वनस्तम थिङ, १ नम्बर वडाध्यक्ष बाबीराम थिङ र ३ नम्बर वडाध्यक्ष उत्तम वाईबालगायत पालिकाका कर्मचारीहरुको सहभागिता रहेको थियो ।

# बकैयामा आज सार्वजनिक विदा

समाज संवाददाता

हेटौंडाः पूर्वी मकवानपुरको बकैया गाउँपालिकाले आज मंगलबार सार्वजनिक विदा दिने निर्णण गरेको छ । सोमबार एक सूचना जारी गर्नुहुँदै बकैया गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत महेश श्रेष्ठले मंगलबार माझी समुदायको लदीपूजा पर्वको अवसरमा पालिकाले एक दिन सार्वजनिक विदा दिने निर्णय गरेको बताउनुभयो ।

पालिकाको माघ ५ गतेको बैठकले मंगलबार लदी पर्वको अवसमा पालिकाले सार्वजनिक विदा दिने निर्णय गरेको थियो । उता, बागमती गाउँपालिकाले आइतबार नै सूचना जारी गरी मंगलबार लदीपूजा पर्वको अवसरमा सार्वजनिक विदाको घोषणा गरिसकेको छ। बागमती गाउँपालिकाले सोमबार मगर समुदायको ४१ औं स्थापना दिवसमा पनि सार्वनिक विदा दिएको छ । सोमबार बागमती गाउँपालिकाअन्तर्गतका सबै कार्यालयहरु बन्द भएको छ भने आज मंगलबार बकैयाले पनि पालिकाअन्तर्गतका सबै सरकारी कार्यालयहरु बन्द रहने जनाएको छ। हरेक वर्ष लदीपूजाको अवसरमा बागमती र बकैयाले पालिकाभर सार्वजनिक विदा दिँदै आएको छ । पूर्वी मकवानपुरमा माझी समुदायको उल्लेख्य बसोबास छ। बागमती गाउँपालिकाका माझी समुदायले बागमती नदी छेउमा विभिन्न कार्यक्रमसमेत आयोजना गरेर पर्व मनाउने गर्दै आएका छन् ।

सम्पूर्ण विश्वसनीय स्थानीय समाचार र विचारका लागि
www.samriddhasamaj.com.np

# फागुन १८ गतेदेखि कान्तिलोकपथको आवागमन बन्द

समाज संवाददाता

हेटौंडाः यही फागुन १८ गते बिहिबारदेखि हेटौंडा-काठमाडौं कान्तिलोकपथको मर्मत सम्भारका लागि दुईतर्फी आवागमन बन्द हुनेभएको छ।

मकवानपुरका प्रमुख जिल्ला अधिकारी राजेन्द्रदेव पाण्डेको अध्यक्षतामा सोमबार हेटौंडामा बसेको बैठकले कान्तिलोकपथमा फागुन १८ गतेदेखि चैत १० गतेसम्म दुवैतर्फबाट सवारीसाधनको आवागमन बन्द गर्ने निर्णय गरेको हो । कान्तिलोकपथ रुट हुँदै हेटौंडा-काठमाडौं चल्ने सवारीसाधनलाई वैकल्पिक मार्ग प्रयोग गर्न अनुरोध गरिएको छ ।

हेटौंडाबाट काठमाडौं जान हेटौंडा-भीमफेदी-कुलेखानी-सिस्नेरी-दक्षिणकाली रूट हुँदै एकतर्फी यातायात सेवा सञ्चालन गर्ने र काठमाडौंबाट हेटौंडा आउन थानकोट-चित्लाङ-मार्खु-कुलेखानी-भीमफेदी रूट हुँदै एकतर्फी सवारी सञ्चालन गर्ने बैठकले निर्णय गरेको छ।

यसअघि फागुन १ गतेदेखि हेटौंडा-भीमफेदी-कुलेखानी-सिस्नेरी-दक्षिणकाली-काठमाडौं र हेटौंडा-भिमफेदी-कुलेखानी-फाखेल-हुमाने-फर्पिङ-काठमाडौं जोड्ने सडक मर्मतका लागि २ महिना बन्द गरिएको थियो ।

हेटौंडाबाट काठमाडौं जोड्ने छोटो दुरिको यि दुई सडक बन्द भएपछि कान्तिलोकपथलाई वैकल्पिक मार्गको रुपमा काठमाडौंबाट हेटौंडा फर्कन प्रयोग गर्न दिने निर्णय भएको थियो ।

# प्रगति माविमा चोरी

समाज संवाददाता

हेटौंडाः हेटौंडा-९ स्थित प्रगति माध्यमिक विद्यालयमा आइतबार राती चोरी भएको छ। अन्दाजी १५/१६ बर्षका दुईजना बालक विद्यालयमा चोरी गरिर हेको सीसी क्यामेरामा कैद भएको देखिएको विद्यालय व्यवस्थापन समितिका अध्यक्ष प्रदीप पराजुलीले बताउनुभयो ।

विद्यालयबाट ९ हजार रुपैयाँ चोरी भएको उहाँले जानकारी दिनुभयो । राती करिब २ बजेको समयमा विद्यालयको कार्यालय रहेको तीनवटा कोठा र ६ वटा दराज फोरेर उनीहरुले चोरीको प्रयास गरेको तथा विद्यालयको ल्यापटप, प्रोजेक्टर लगायतका सामानहरु भुइँमा छरपष्ट पारेको पराजुलीले बताउनुभयो । चोरले २० हजार रुपैयाँ बराबरको मोवाइल र १० हजार रुपैयाँ बराबरको जिन्सी सामान चोरी गरेको विद्यालयका सहायक प्रधानाध्यापक किशोर पराजुलीले जानकारी दिनुभएको छ । चोरी गर्ने क्रममा दराजका ताला, ढोका फोडिएको छ। घटनाका सम्बन्धमा प्रहरीले अनुसन्धान गरिरहेको छ ।

केही दिनअघि हेटौंडा-५, गर्दोईस्थित लक्ष्मी आधारभूत विद्यालयमा पनि चोरी भएको थियो । लक्ष्मी आधारभूत विद्यालयमा पनि चोरहरुले नगद २७ हजार रुपैयाँ मात्रै चोरी गरेका थिए। विद्यालयमा चोरीको घटना भए पनि चोरीमा संलग्नलाई पक्राउ गर्न प्रहरी असफल हुँदा विद्यालयमा चोरीका घटना बढ्ने देखिएको छ ।

## नेपाल टेलिकमको ल्याण्डलाईन माईग्रेशन सम्बन्धी सूचना !!!

यस कार्यालयबाट वितरण भएका ल्याण्डलाईन टेलिफोनलाई आधुनिक प्रविधि FTTH बाट सञ्चालन गर्न नेटवर्क विस्तार भई माईग्रेशन समेत भईसकेकोमा केहि ग्राहकहरु सम्पर्क हुन नसकेको कारण माईग्रेशन हुन नसकेकोले ७ (सात) दिन भित्र कार्यालयमा सम्पर्क गरी माईग्रेशन गराउन हुन अनुरोध छ ।

**नेपाल टेलिकम, हेटौंडा**
०५७-५२०७०८



## सम्पादकीय

# प्रदेशसभा प्रभावकारी बन्नुपर्छ

जनअपेक्षाअनुरुप प्रभावकारी बन्न नसकेको प्रदेश संरचनाको दोस्रो कार्यकाल चलिरहेको छ । गत मंसिर ४ गते सम्पन्न आम निर्वाचनबाट विजयी प्रदेशसभा सदस्यहरु प्रदेशसभालाई थप गतिशील बनाउन प्रयत्नरत भए पनि यसको गति सुस्त बनेको छ । प्रदेशसभा प्रभावकारी बन्न नसक्दा प्रदेश सरकारले समेत अपेक्षाअनुसार काम गर्न सकेको छैन । बागमती प्रदेशसभाको अवस्था पनि अन्य प्रदेशको भन्दा खासै भिन्न पाइँदैन । पाँच वर्षे पहिलो कार्यकालमा ७० वटा कानुन बनाएको बागमती प्रदेशसभाले आइतबार थप दुईवटा विधेयक पारित गरेको छ । यसअघिको प्रदेश सरकारले अध्यादेशको रुपमा ल्याएको कर्मचारीसम्बन्धी दुईवटा कानुन प्रदेशसभाले पारित गरेको हो । प्रदेश निजामती सेवाको गठन, सञ्चालन र सेवाका शर्तहरुको सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक र स्थानीय तहका सेवाको गठन तथा सञ्चालनसम्बन्धी व्यवस्था गर्न बनेको विधेयक प्रदेशसभाले पारित गरेको छ । यी दुबै अध्यादेशको प्रतिस्थापन विधेयक हुन् ।

प्रदेशसभाका सभामुख भुवनकुमार पाठकले बैठकमा निर्णयार्थ पेश गरेको दुई वटै अध्यादेशको प्रतिस्थापन विधेयकहरुलाई सभाले सर्वसम्मत पारित गरेको हो । सभाबाट विधेयक स्वीकृत भएसँगै प्रदेश प्रमुख यादवचन्द्र शर्माबाट प्रमाणिकरण भएपछि विधेयक कार्यान्वयनमा आउनेछ । केही दिनअघि प्रदेशसभाको संसदीय समिति गठन नै नगरी विधेयक पारित गर्ने तयारी भएकोमा आलोचना भएको थियो । विभिन्न विषयगत संसदीय समिति गठन नै नगरी बागमती प्रदेश सरकारले प्रदेशसभाबाट अध्यादेशको प्रतिस्थापन विधेयक पारित गर्ने तयारी गरेको भन्दै आलोचना भएको हो । ५ वटा संसदीय समिति गठन गर्नुपर्ने भए पनि दलहरुबीच सहमति नबनेका कारण संसदीय समिति गठन हुन नसके पनि विधेयक पारित गर्न भने दलहरु सहमत भएका थिए । संसदीय समिति गठन नभएका कारण प्रदेशसभा बैठकले फागुन १० गते प्रदेशसभामा पेश भएको कर्मचारीसम्बन्धी दुईवटा अध्यादेशको प्रतिस्थापन विधेयकमाथि दफाबार छलफल गर्न र प्रतिवेदन पेश गर्न १५ सदस्यीय विधेयक व्यवस्थापन विशेष समिति गठन गरिएको थियो ।

छलफल गर्नुपर्ने विषय पर्याप्त नहुँदा प्रदेशसभा बैठकसमेत नियमित बस्ने गरेको छैन । यसअघि ५ वर्षे कार्यकालमा २६२ पटक बैठक बसेर प्रदेशसभा अन्त्य भएको थियो । आवश्यक परेको समयमा एकै दिन एकभन्दा बढी बैठक बस्ने गरेको सन्दर्भमा पहिलो कार्यकालमा प्रदेशसभा बैठक नै बस्न नसकेको देखिन्छ । एक वर्षमा हिउँदे र वर्षे गरी दुईवटा अधिवेशन चल्ने भए औसतमा एउटा अधिवेशनमा २५ वटा बैठक बसेको यसले देखाउँछ । अहिले प्रदेशसभाको दोस्रो कार्यकालमा पनि प्रदेशसभा बैठक प्रभावकारी बन्न सकेको छैन । धेरै दलहरुबीच गठबन्धन गरिएका कारण प्रदेशसभाबाट हुने निर्णय प्रक्रिया जटिल बनिरहेको छ । पछिल्लो समय केन्द्रमा गठबन्धन परिवर्तन भएको र बागमती प्रदेशभा पनि राप्रपाले सरकार छाडिसकेको अवस्थामा यसको प्रभाव प्रदेशसभामा समेत पर्ने निश्चित छ । जसका कारण आलोचित बन्दै आएको प्रदेशसभा थप आलोचित बन्ने सम्भावना बढाएको छ ।

मुलुकको शासन व्यवस्थामा तीन तहको संघीयता लागू भएको छ । जसअनुसार प्रदेश तहको संरचना यसअघि अभ्यास नगरिएकाले नयाँ थियो । ५ वर्षे पहिलो कार्यकाल बिताइसक्दा पनि प्रदेशको संरचनाले अझै पूर्णता र स्थायित्व पाउन सकेको छैन । प्रदेश तहका संरचना प्रभावकारी बन्न नसक्दा यसको औचित्यमाथि नै प्रश्न उठ्ने गरेको छ । यसकारण पनि अहिलेको कार्यकालमा प्रदेशसभा र प्रदेश सरकारको काम कारबाहीलाई प्रभावकारी र थप गतिशील बनाउनु आवश्यक छ । प्रदेश सरकार सञ्चालनका लागि आवश्यक सबै कानुन निर्माणको काम चाँडै टुंगो लगाएर प्रदेशसभा र सरकारको ध्यान जनजीविकाका सबाल र प्रदेशको आर्थिक समृद्धितर्फ केन्द्रित हुनुपर्छ ।

## महत्वपूर्ण फोन नम्बरहरु

| | |
|---|---|
| जिल्ला प्रशासन कार्यालय ५२०४९५ | फापरबारी इलाका ६२१९८० |
| जिल्ला प्रहरी कन्ट्रोल १०० | चित्लाङ इलाका ६२१००० |
| ट्राफिक प्रहरी १०३ | वारुण यन्त्र १०१ |
| वडा प्रहरी ५२०२९९ | बालबालिका खोजतलास केन्द्र १०४ |
| पशुपतिनगर इलाका ५२०५९८ | बाल हेल्पलाइन १०९८ |
| मनहरी इलाका ९८५५०९०१६१ | हेलो सरकार ११११ |
| भीमफेदी इलाका ६९१४६२ | नेपाल टेलिकम सोधपुछ १९७ |
| पालुङ इलाका ६२०४६७ | |


## तपाईको राशिफल



पं. ज्योतिषः तोयानाथ सुवेदी
ॐ तुलसी मेडीकल हल, हेटौंडा-८, कमाने
सम्पर्क : ९७४५०२८५५५

**मेष** : प्राविधिक सीपमुलक क्षेत्रका काममा आकर्षण।
**वृष** : सहयोगी र मित्रवर्गको सहयोग प्राप्त होला।
**मिथुन** : आएको अवसरलाई प्रयोग गर्दा राम्रो रहला ।
**कर्कट** : तर्क, विवाद र प्रतिस्पर्धामा विजय प्राप्त।
**सिंह** : साहस-हिम्मतह-आत्मबलले काममा पूर्णता ।
**कन्या** : बल प्रदर्शन र तुजुक देखाउने कामबाट टाढा रहँदा राम्रो ।
**तुला** : मान्यजनको सर-सहयोग प्राप्त हुने समय ।
**वृश्चिक** : कृषिक्षेत्र र श्रममुलक क्षेत्रमा खट्नु पर्ने समय छ ।
**धनु** : धार्मिक र सामाजिक काममा सरिक भईएला ।
**मकर** : व्यापार-व्यवसाय मध्यमकारक रहने समय ।
**कुम्भ** : शरीरमा जोस, जाँगर बढ्ने समय छ।
**मीन** : किर्ति र प्रतिष्ठामा बढोत्तरी हुने समय छ ।

# कानुनभन्दा माथि हुन् नेपालका कर्मचारी ?



**सन्तोष चौलागाई**

कर्मचारी र राजनीतिज्ञहरूको संयन्त्रबाट कुनै पनि राज्य सञ्चालन हुन्छ। निर्वाचनमार्फत प्रतिनिधिका रूपमा राजनीतिज्ञहरु राज्यको नेतृत्वदायी भूमिकामा रहन्छन्। त्यस्ता निर्वाचित प्रतिनिधि देशको राजनीतिक संयन्त्र हुन्। व्यवस्थापिकामार्फत जनताको प्रतिनिधि मन्त्रिपरिषद्मा सामेल हुन्छन् । उनीहरु निर्वाचित सदस्यहरुका रुपमा देशको निर्णयक भूमिकामा रहन्छन्। यो राजनीतिक संयन्त्रअन्तर्गतको निकाय हो । यति मात्र नभएर स्थानीय सरकार, प्रदेश सरकार, स्थानीय व्यवस्थापिकाका प्रतिनिधिहरू, प्रदेश सभाका प्रतिनिधिहरू र वडा स्तरमा निर्वाचित जनप्रतिनिधिहरू सबै राजनीतिक संयन्त्रभित्र पर्छन् ।

राज्यको राजनीतिक संरचना, कर्मचारी संरचना, विभिन्न मन्त्रालयहरू, विभाग, शाखा राज्यका स्थायी संरचना हुन् । तर राजनीतिक संरचनाको नेतृत्व भने अस्थायी हुने गर्दछ । प्रजातान्त्रिक मुलुकमा आवधिक निर्वाचनमार्फत जनताहरूले राजनीतिक नेतृत्व परिवर्तन गर्ने सक्ने क्षमता राख्छन् । आवधिक निर्वाचनका कारण राजनीतिक नेतृत्वमा रहेका प्रतिनिधिहरू हेरफेर हुन सक्ने हुँदा उनीहरु जनताप्रति उत्तरदायी हुन्छन्। यदि राजनीतिक संरचनामा सामेल प्रतिनिधिहरु प्रधानमन्त्री, मन्त्रीहरु वा सबै तहका प्रतिनिधिहरु जनताप्रति उत्तरदायी हुन नसकेमा निर्वाचमार्फत जनताहरुले दण्डित गर्न सक्ने अवस्था हुन्छ ।

राजनीतिक संरचनाका अलावा राज्यमा अर्को महत्त्वपूर्ण संरचना रहेको हुन्छ, जसलाई कर्मचारीतन्त्र वा कर्मचारी संयन्त्र भनेर चिनिन्छ। कर्मचारी संयन्त्रलाई स्थायी सरकार भनेर पनि चिनिन्छ। यसको गठन ऐन तथा कानुन बमोजिम हुन्छ । कर्मचारीहरु सम्बन्धित विधा जस्तै अर्थको क्षेत्रमा काम गर्नेहरु अर्थको बारेमा जानकार हुन्छन् भने रक्षा, भौतिक निमार्णलगायतका क्षेत्रमा कार्यरतहरू सोही विधामा जानकार हुन्छन् । कर्मचारी संरचनामा सामेल व्यक्तित्वहरु प्रतिस्पर्धात्मक विधिबाट छनोट भएर आएका हुन्छन् । जुनसुकै राष्ट्रको नेतृत्वले चाहे अनुरुपको शासन सञ्चालनमा सहयोग गर्ने काम कर्मचारीसंयन्त्रबाट नै हुने गर्दछ । सरकारले जनतालाई सेवा प्रवाह गर्ने काम कर्मचारीहरुकै सहयोगमा गर्दछ ।

देशको नेतृत्वदायी भूमिकामा राजनीतिक संयन्त्र रहन्छ भने नेतृत्वका योजना, अवधारणहरु कार्यान्वयन गराउने काम कर्मचारीतन्त्रको रहेको हुन्छ। कर्मचारी संरचनाले प्रभावकारी कार्य सम्पादन गर्न नसक्ने हो भने जस्तोसुकै अब्बल राजनीतिक नेतृत्व पनि असफल हुन सक्छ। देशका जनताहरूको जनजीवीकाका विविध सवालहरु, दैनिक सेवा प्रवाह, नीतिनियम कार्यान्वयन, सुशासनलगायतका विषयमा राजनीतिक नेतृत्वको अहम् भूमिका रहन्छ । जनअपेक्षाअनुरुप शासन गर्नु र सोहीबमोजिम राज्यका सबै संरचना प्रभावकारी रुपमा परिचालन गर्नु राजनीतिक नेतृत्वको जिम्मेवारी हो। तर पनि दैनिक सेवा प्रवाह, जनता वा सेवाग्राहीसँग प्रत्यक्ष सम्पर्क भने कर्मचारी संयन्त्रभित्र सामेल व्यक्तिहरुको नै रहन्छ ।

स्थानीय निकायमा जन्म, विवहा, बसाइँ सराइ, मृत्युलगायतका घटना दर्ता, विभिन्न सुरक्षा भत्ता लिने काम, साना लगानीका व्यवसाय दर्ता, विभिन्न किसिमका सिफारिसलगायतका काममा कर्मचारी संयन्त्रको सहभागिता रहने गर्दछ। राज्यका विभिन्न सेवा सुविधाको प्रवाहमा जनतासम्म लगेर सेवा प्रवाह गराउने काम भने कर्मचारी संयन्त्रको हो । राजनीतिक नेतृत्वले त केवल योजना निमार्ण, बजेट वितरण, नियम कानुन कार्यान्वयन, नियम कानुनमा रहेको अफठ्यारालाई सहज बनाउन पहल गर्ने काम गर्दछ ।

कानुन बमोजिमको शासन गराउने जिम्मा राजनीतिक र कर्मचारी संयन्त्रको हो। राजनीतिक नेतृत्वले विकास निमार्णका योजना तर्जुमा गर्ने, सुशासनलगायत विषयमा भावी कार्यक्रमहरु निमार्ण गर्ने गर्दछ । त्यस्ता योजना, कार्यक्रमहरुलाई जीवन्त बनाउन जनतासँग प्रत्यक्ष काम गर्ने भनेको कर्मचारी संरचनाले हो। कानुन कार्यान्वयन सुशासन, विकास निर्माणलगायतका कार्यहरु गर्दा जनताका अधिकार हनन् हुन नदिनु र अनावश्यक झन्झट वा अफठ्याराको निराकरण गर्ने विषयमा राजनीतिक संयन्त्र र कर्मचारी संयन्त्र दुवैको बराबरी दायित्व हुन्छ । यदि कानुन कार्यान्वयन गर्दा जनताको हित प्रतिकूल काम, जनतालाई सेवा प्रवाहमा असहजता सिर्जना, सेवा प्रवाहमा अनावश्यक झन्झट, विकास निर्माणका काममा ढिलासुस्ती भएमा जनताहरु सरकारकै विरुद्धमा मुद्दा लिएर न्यायालयसमेत जान सक्ने अधिकार जनताहरुको रहन्छ । नेपालमा कर्मचारी संयन्त्र र राजनीतिक संयन्त्र दुवैप्रति जनताको गुनासो रहेको पाइन्छ। जनताका प्रतिनिधिका रुपमा रहेका राजनीतिक व्यक्तित्वहरु सत्ता र शक्तिमा पुगेपछि आफूलाई सेवा प्रदायकको रुपमा नभई शासकको रुपमा आचरण गर्ने प्रवृत्ति देखिन्छ। कर्मचारीहरुमा भने आफूले गर्ने कामहरुप्रति जवाफदेहिता नभएको भान हुन्छ। दैनिक जीवनमा जनतासँग जोडिने र जनताका सवालहरूमा प्रत्यक्ष सम्बन्ध राख्ने कर्मचारी संयन्त्र सेवा प्रवाहमा ढिलासुस्ती गरिरहेको हुन्छ ।

कानुन आफैँमा झन्झटिलो त छ नै त्यसमा पनि कानुनभन्दा माथि रहेर कर्मचारीहरुले आचरण गरेको पाइन्छ । उदाहरणका लागि समाजिक संस्था कम्पनी रजिस्ट्रारको कार्यालयमा मुनाफा वितरण नगर्ने कम्पनीका रुपमा दर्ता हुन सक्ने व्यवस्था कम्पनी ऐन २०६३ ले गरेको छ। त्यसैगरी संस्था दर्ता ऐन २०३४ ले जिल्ला प्रशासन कार्यालयमा पनि संस्था दर्ता गर्न सक्ने व्यवस्था गरेको छ। दुवै ऐन संसद्बाट पारित भएर लागू भएको समान हैसिय राख्ने कानुनहरु हुन् । कम्पनी ऐन, संस्था दर्ता ऐन र अन्य कुनै पनि कानुनले संस्था यही मात्र वा यसरी मात्र दर्ता हुनुपर्छ भन्ने उल्लेख छैन । यसको अर्थ भनेको दुई ऐनहरुमध्ये जुन ऐनबमोजिम पनि सामाजिक संस्था दर्ता हुन सक्छ भन्ने हुन्छ ।

कम्पनी ऐन २०६३ बमोजिम संस्थाका रुपमा मुनाफा वितरण नगर्ने कम्पनी दर्ता भइसकेपछि संस्थाले कुनै पनि कार्य गर्नका लागि स्थानीय निकायको सिफारिस आवश्यक हुँदा सिफारिस माग गर्ने क्रममा कर्मचारीलाई कम्पनीबाट पनि सामाजिक काम गर्ने संस्था दर्ता हुन्छ भन्ने थहा छैन भने जति कागजात प्रमाण पेस गरे पनि आवश्यक सिफारिस दिँदैन । यसको अर्थ कर्मचारीहरू आफूलाई थाहा नभएको विषयमा कानुन सङ्गत काम नै भए पनि गर्न मान्दैनन् र सेवाग्राहीहरुलाई समस्यामा पार्दछन्। कानुनका ठेली नै पल्टाएर व्याख्या गर्दासमेत उनीहरु आफूअनुकूल मात्र काम गर्दछन् । कर्मचारी संयन्त्रबाट कानुनले तोकेको काम भएन र कुनै जनप्रतिनिधिलाई जानकारी गरायो भने जनप्रतिनिधिहरु पनि कानुनमा लेखे पनि काम गरिआएका कर्मचारीहरुले हुँदैन भनेपछि हुँदैन भन्ने फितलो जवाफ दिएर सेवाग्राहीहरुलाई दुःख दिने गरेको पाइन्छ । यी त केही प्रतिनिधि उदाहारणहरु मात्र हुन् । यस्ता धेरै अनुभवहरु पक्कै पनि तपाईं हामी सबै नेपाली सेवाग्राहीहरुसँग रहेको छ ।

नेपालको संविधानको भाग २ मा बाबु वा आमाको नामबाट नागरिकता प्राप्त गर्न सक्ने प्रावधान रहेको छ। यसको अर्थ आमाको नामबाट पनि नागरिकता प्राप्त गर्न सक्ने व्यवस्था संविधानले गरेको छ । यति मात्र नभएर सर्वोच्च अदालतले विभिन्न मुद्दाहरु सुनुवाइ गर्दै आमाको नामबाट पनि नागरिकता प्राप्त गर्न सक्ने नजिरहरु स्थापित गरेको छ । नजिरहरु आफैँमा ऐनसरह लागू हुन्छ। सर्वोच्च अदालतबाट प्रतिपादित भएको नजिर अर्थात् सर्वोच्चको फैसला त्यस्तै प्रकृतिको पछि आउने मुद्दामा कानुन सरह लागू हुन्छ भन्ने सर्वमान्य कानुनी सिद्धान्त रहेको हुन्छ । तर पनि कुनै व्यक्ति आमाको नामबाट नागरिकता बनाउन वडा कार्यालयमा सिफारिस लिन जाँदा कर्मचारीहरूले सिफारिस दिन मान्दैनन् । यदि मानिहाले र वडाबाट सिफारिस प्राप्त भयो भने पनि कतिपय जिल्ला प्रशासन कार्यालयहरूले आमाको नामबाट नागरिकता जारी गर्न मान्दैन ।

सम्बन्धित कार्यालयका कर्मचारीहरुसँग संविधान, ऐन र नजिर नै देखाउँदा पनि नागरिकता नदिएका उदाहरण तपाईंहामी सेवाग्राहीहरुसँग प्रशस्तै छन्। यससम्बन्धमा सरकारी कर्मचारीहरुको उत्तर कति फितलो हुन्छ भने योभन्दा पहिला हामीले यस्तो कार्य नै गरेको छैन । कर्मचारीहरुलाइ सबै कानुनी प्रावधान थाहा नहुन सक्छ र उनीहरुले सेवाग्राहीसँग आवश्यक जानकारी लिनु ठीक भए पनि सेवाग्राहीलाई अनावश्यक झन्झट दिने प्रवृति कर्मचारीतन्त्रमा देखिन्छ। कानुनमाथि हो वा कर्मचारीमाथि हो भन्ने विषय नै हाम्रो देशको कर्मचारी तन्त्रमा स्पष्ट नभएको देखिन्छ। कहिलेकाहीँ सेवाग्राहीहरुले कतिसम्म समस्या भोग्नुपर्दछ भने न त फाइल अस्वीकृत नै गर्छन् न त काम नै सम्पन्न गर्दछन्। यस सम्बन्धमा रानीतिक नेतृत्व बेमतलब रहेको देखिन्छ। राजनीतिक नेतृत्वले निर्देशन दिँदासमेत कतिपय कर्मचारीहरुले काम सम्पादन नगरेका उदाहरणहरु हामीमाझ प्रशस्त रहेका छन्।

राजनीतिक संयन्त्र र कर्मचारी संयन्त्रमा समन्वय नहुँदा देशमा सु-शासन र विकासका गतिविधिहरुमा प्रतिकूल प्रभाव परिरहेको छ । कर्मचारीहरु एक पटक नियुक्ति लिइसकेपछि कुनै पनि किसिमबाट निस्कासन नहुने स्थिति छ । कारवाहीको व्यवस्था भए पनि कार्वाही प्रभावकारी नहुने हुँदा कर्मचारीहरु सेवक नभई शासकका रुपमा आचरण गरिरहेका हुन्छन् । यस्तो अवस्था विद्यमान रहेसम्म न त देश सुध्रन्छ न त कुसल राजनीतिज्ञ नै सफल हुन सक्छन्। यसतर्फ सबै पक्षको चासो र सरोकार हुन पर्ने देखिन्छ । कानुनभन्दा माथि कोही हुँदैन । कानुनको पालना गर्नु सबैको दायित्व हो । कर्मचारी संयन्त्रमा सामेल सबै व्यक्तिहरु सेवक हुन्, शासक होइन् ।

*(लेखक अधिवक्ता हुन्/स्रोतः रातोपाटी)*

# यसकारण जरुरी हुन्छ सामान्य योनीश्राव

**सन्तोष चौलागाई**

मासिक श्राव, गर्भावस्था तथा यौन सम्पर्कका क्रममा यौनाङ्गको सफाइ अत्यन्तै जरुरी हुन्छ । किनभने यौनाङ्गमा उचित सरसफाइ नहुँदा संक्रमण हुने भय उच्च हुन्छ ।

संक्रमणको भयले गर्दा कतिपयले यसको सरसफाइमा विशेष सर्तकता अपनाउने पनि गर्छन् । शौचालय जाँदैपिच्छे सफा गर्ने, पुछ्ने गर्छन् । यो चाहिं त्यति सही हुँदैन । यदि यौनाङ्गबाट अस्वभाविक स्राव हुन्छ भने सफाइ जरुरी हुन्छ । तर सामान्य योनीस्राव स्वभाविक मात्र होइन जरुरी पनि हो ।

सामान्य योनीश्राव (भजाइनल डिस्चार्ज)ले यौनाङ्गलाई बाह्य संक्रमणबाट बचाइराख्छ । बाह्य कीटाणुको संक्रमण हुने भयलाई रोक्छ ।

### योनीश्राव (भजाइनल डिस्चार्ज) र यसको कार्य

योनीस्राव हुनु भनेको योनीबाट तरल पदार्थ निस्कनु हो । यो सामान्यतः कोषिका र ब्याक्टेरिया मिलेर बनेको हुन्छ । जसले योनीलाई सफा बनाउन, यौन सम्बन्ध कायम राख्न नरम बनाउन मद्दत गर्नुका साथै बाह्य खराब जीवाणु र संक्रमणसँग लड्न मद्दत गर्छ ।

योनीबाट तरल पदार्थ बग्नु एक प्राकृतिक र सामान्य प्रक्रिया हो । त्यसैले हरेक दिन केही मात्रामा डिस्चार्ज हुनु सामान्य हो । तर दैनिक अत्यधिक मात्रामा तरल बगिरहेको छ भने चिकित्सकलाई देखाउनुपर्ने हुन्छ ।

प्रायः महिला वा किशोरीमा दैनिकजसो थोरै स्राव हुन्छ तर अण्डा बन्ने समयमा यसको मात्रा अरु समयमा भन्दा बढी देखिन्छ। जुन टाँसिने खालको सेतो डिस्चार्ज हुन्छ जुन स्वाभाविक हो। केही महिलामा संक्रमण वा यौन प्रसारित रोगको कारण श्रावमा परिवर्तन आउन सक्छ, जसलाई अस्वभाविक श्राव भनेर बुझिन्छ ।

### कसरी चिन्ने सामान्य योनीश्राव ?

सामान्य योनीस्रावको रंग हल्का सेतो वा सेतो हुन्छ। यसको कुनै दुर्गन्ध हुँदैन । तर यसको रङ फरक किसिमको छ र गन्ध पनि आएको खण्डमा भने कुनै संक्रमण वा रोगको कारण हुनसक्छ। जस्तै, पहेंलो, खैरो वा हरियो डिस्चार्जले ब्याक्टेरिया वा यौन सञ्चारित संक्रमण भएको संकेत दिन्छ । सेतो तर सामान्यभन्दा बाक्लो देखिन्छ भने फंगाई संक्रमणको कारण हुन सक्छ, जुन उपचारपछि ठीक हुन्छ ।

### 'डिस्चार्ज' हुने बित्तिकै सफा गर्नु जरूरी छैन

कुनै किसिमको संक्रमणलाई रोक्ने पनि यसको काम भएकाले 'डिस्चार्ज' हुने बित्तिकै सफा गर्नु जरुरी छैन। यो सामान्य प्रक्रिया हो तर अत्यधिक मात्रामा आएको खण्डमा पेन्टी लाइनर लगाउन सकिन्छ। योनी प्राकृतिक रुपमै स्वस्थ जीवाणुको मद्दतले सफा हुने र ती जीवाणुले कतिपय संक्रमण समेत रोक्ने भएका पटक-पटक सफा गर्नु जरुरी हुँदैन । धेरै सफा गर्दा झनै नकारात्मक असर पर्ने हुँदा विशेष ख्याल गर्नुपर्छ ।

### कसरी सफा गर्ने ?

योनीलाई पटक-पटक सफा गर्नुहुँदैन। दिनको एक वा दुईपटक योनीलाई सफा गर्न बजारमा सहजै उपलब्ध हुने 'भीवास'ले सफा गर्न सकिन्छ । सफा पानीले पनि दिनको एकपटक जति सफा गर्ने र पिसाब गरेपछि योनीलाई सुख्खा बनाउन टिस्यु पेपरको प्रयोग गर्न सकिन्छ । अत्यधिक मात्रामा पानीले सफा गर्दा बाह्य पानीमा हुने जीवाणु पनि भित्रसम्म पुग्ने सम्भावना हुन्छ ।

धेरैजसोले योनीश्राव (भजाइनल डिस्चार्ज) हुने बित्तिकै पनि सफा गर्ने गर्छन्। तर योनीश्रावले पनि केही हदसम्म योनीलाई संक्रमणसँग बचाइराख्ने हुँदा गरिहाल्न तत्काल सफा गर्नु हुँदैन ।

### योनी स्वस्थ राख्ने तरिका

-महिलाहरुले सफा सुतीको पेन्टी दैनिक परिवर्तन गर्नुपर्छ। सेन्थेटिक पेन्टी लगाउँदा तरल पदार्थलाई सोस्न सक्दैन, जसले संक्रमणको जोखिम हुन्छ ।

-दैनिक नुहाउनुपर्छ । नुहाउने क्रममा योनीमा भने भीवासले मात्र सफा गर्नुपर्छ ।

-सुगन्धित साबुन, जेल वा अन्य स्त्रीजन्य उत्पादन प्रयोग गर्नुहुँदैन ।

-लामो समयसम्म कसिने भित्री वस्त्र वा पसिनाले भरिएको लुगा लगाउन हुँदैन ।

-योनीलाई अगाडिबाट पछाडिसम्म पुछ्नुहोस् । यसले मलद्वारबाट ब्याक्टेरियालाई योनीमा प्रवेश गर्नबाट रोक्छ ।

(डा. अमात्य प्रसूति तथा स्त्रीरोग विशेषज्ञ हुन्/स्रोतः अनलाईनखबर)

# खाद्य अधिकारसम्बन्धी एकदिने कार्यशाला आयोजना

समाज संवाददाता

हेटौंडाः जिल्ला खाद्य अधिकार सञ्जाल मकवानपुर र फियान नेपालको आयोजनामा हेटौंडामा खाद्य अधिकार सम्बन्धी एकदिने कार्यशाला आयोजना गरिएको छ । खाद्य अधिकारको अवधारणा, विद्यमान कानुनी प्रावधान, खाद्य अधिकार हननको सवाल पहिचान तथा दस्तावेजीकरण सम्बन्धी पुनर्ताजगी कार्यशाला सोमबार आयोजना गरेको हो ।

खाद्य अधिकार तथा खाद्य सम्प्रभुताको अवधारणागत विषयमा स्पष्टता र एकरुपता ल्याउन, विद्यमान कानुन र सोको प्रावधानबारे छलफल गर्ने उद्देश्यले कार्यशाला भएको हो। यस्तै, खाद्य अधिकार हननको सवाल पहिचान तथा दस्तावेजीकरणको प्रक्रियाबारे स्पष्टता कायम गर्न कार्यशाला भएको हो ।

खाद्य अधिकारकर्मी बोलबहादुर कार्कीको सभाध्यक्ष तथा बागमती प्रदेश सरकार कृषि तथा पशुपछी विकासमन्त्री केशवप्रसाद पोखरेलको प्रमुख आतिथ्यमा कार्यशाला भएको हो । मन्त्री पोखरेलले किसानको पहिचान हुन नसकेको बताउनुभयो । उहाँका अनुसार अहिले ८ सय दरबन्दी रिक्त रहेको छ ।

अवसरको खोजीमा युवा पलायन दर बढेको भन्दै उहाँले स्वदेशमै काम गर्ने वातावरण पारदर्शीरुपमा बनाउनुपर्ने बताउनुभयो । आगामी चैत र बैशाख महिनामा किसानको वर्गीकरणको तयारीमा प्रदेश रहेको उहाँको भनाइ छ । यस्तै, जिल्ला समन्वय समिति मकवानपुरका प्रमुख ललित घलानले अन्नबाली उब्जाउने स्थिति नहुँदा परनिर्भर बढेको बताउनुभयो। उहाँले दूधमा प्रतिलिटर ५ रुपैयाँ अनुदान दिएजस्तै मकै, धानमा पनि अनुदान दिनुपर्ने बताउनुभयो। मकैमा खोया र धानमा भुसमात्र उब्जनी हुने गरेको उहाँले बताउनुभयो । फियानका कार्यक्रम संयोजक लक्ष्मी गुरुङले खाद्य अधिकार तथा खाद्य सम्प्रभुताको अवधारणागत स्पष्टतासम्बन्धी सहजीकरण गर्नुभयो ।

यसैगरी खाद्य अधिकारकर्मी तिलक अधिकारीले खाद्य अधिकार तथा खाद्य सम्प्रभुतासम्बन्धी विद्यमान कानुनी प्रावधान केन्द्र तथा बागमती प्रदेश र दस्तावेजीकरणबारे स्पष्ट पार्नुभयो। यस्तै, खाद्यअधिकारकर्मी राजेन्द्र बस्नेतले खाद्य अधिकार सवाल पहिचानबारे सहजीकरण गर्नुभयो । सहभागीहरुले खाद्य अधिकार जिल्ला सञ्जालको कार्ययोजना तर्जुमासम्बन्धी समूह कार्यसमेत गरेका थिए। डा. सम्राट तुम्बाहाइफेले कार्यक्रमको उद्देश्यबारे जानकारी दिनुभयो । कार्यशालामा गैरसरकारी संस्था महासंघ बागमती प्रदेशका अध्यक्ष आरती पाठकको आतिथ्यता थियो ।

# क्षमता विकास तालिम सकियो

समाज संवाददाता

हेटौंडाः बालमैत्री सम्पर्क व्यक्ति र सहजकर्ताहरुको बालमैत्री स्थानीय शासन सम्बन्धी ४ दिने क्षमता विकास तालिम सम्पन्न भएको छ । शुक्रबारबाट सुरु भएको क्षमता विकास तालिम सोमबार सम्पन्न भएको हो । ४ दिने तालिममा राष्ट्रिय बालमैत्री सहजकर्ता विष्णुप्रसाद चौवेले प्रशिक्षकको भूमिका निर्वाह गर्नुभएको थियो ।

चौवेले पहिलो दिन शुक्रबार बालमैत्री स्थानीय शासन र बालअधिकारको बारेमा परिचय, क्षेत्रहरु, ऐतिहासिक विकासक्रम, बालअधिकारको कानुनी, नीतिगत र दिगोपनाको बारेमा प्रशिक्षण दिनुभएको थियो । दोश्रो दिन शनिबार बालमैत्री स्थानीय शासन कार्यान्वयन प्रक्रिया, बालअधिकार समिति र ५१ वटा सूचकहरुको बारेमा स्पष्ट पार्नुभएको थियो। तेस्रो दिन आइतबार उहाँले अर्थपूर्ण बाल सहभागिता, बाल समूह गठन प्रक्रिया र असल बैठक कसरी बस्ने भन्ने विषयमा तालिम दिनुभएको थियो। जसमा उहाँलाई काभ्रे जिल्लाको पनौती नगरपालिकाका वडा सहजकर्ता गीता तिमल्सिनाले पनि सहयोग गर्नुभएको थियो ।

यस्तै तालिमको अन्तिम दिन सोमबार हेटौंडा उपमहानगरपालिकाका १९ वटै वडाका बालमैत्री वडा सहजकर्ताहरु र नगर सहजकर्ताले ३ दिन सिकेका कुराहरू प्रस्तुत गर्नुभएको थियो। बालमैत्री सहजीकरण समितिका संयोजक तथा हेटौंडा उपमहानगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत शिवराज चौलागाईंले सबै बालमैत्री वडा सहजकर्ता, नगर सहजकर्ता र बालमैत्री सम्पर्क व्यक्तिलाई काम सहजताका लागि १-१ थान झोला वितरण गर्नुभएको छ। सोमबार तालिमको समापन समारोहमा हेटौंडा उपमहानगर पालिकाको महिला तथा बालबालिका महाशाखाकी प्रमुख विष्णु कुमारी लामिछाने, शाखा प्रमुख बिना थिके, सामाजिक विकास समितिका सदस्य युवराज खतिवडा लगायतको उपस्थिति रहेको थियो ।

# हेटौंडामा रोजगारदाताको भेला

समाज संवाददाता

हेटौंडाः नेपाल उद्योग वाणिज्य महासंघ र मकवानपुर उद्योग वाणिज्य संघको सहकार्यमा हेटौंडामा एक दिवसीय रोजगारदाता भेला आयोजना गरिएको छ। उद्योग प्रतिष्ठानहरुको आवश्यकताअनुसारको दक्ष जनशक्ति उत्पादन एवम् आपूर्ती गरी रोजगारी सृजना गर्ने प्रमुख उद्देश्यले सोमबार रोजगारदाता भेला भएको हो । अन्तर्राष्ट्रिय श्रम संगठन (आईएलओ) को सहयोगमा नेपाल उद्योग वाणिज्य महासंघद्वारा कार्यस्थलमा आधारित सीप विकास तालिमहरु संचालन गरिरहेको महासंघले रोजगारदाता भेला गरेको हो ।

मकवानपुर उद्योग वाणिज्य संघका उपाध्यक्ष तथा रोजगारदाता परिषद्का सभापति उज्वल चौलागाईको सभाध्यक्षता तथा बागमती प्रदेशका श्रम, रोजगार तथा यातायात मन्त्री एका लाल श्रेष्ठको प्रमुख आतिथ्यमा भेला भएको हो । रोजगारदाता भेलामा श्रम तथा यातायात कार्यालय हेटौंडाका कारखाना निरीक्षक चन्द्र नारायण श्रेष्ठ, नेपाल उद्योग वाणिज्य महासंघका विज्ञ खेमराज काफ्ले, मकवानपुर उद्योग वाणिज्य संघका महासचिव दिपक उप्रेती, मकवानपुर उद्योग वाणिज्य संघका पूर्व उपाध्यक्ष तथा एमएम पोलिमर्सका महाप्रवन्धक विजय कुमार वैद्य, नेपाल उद्योग वाणिज्य महासंघका सहायक निर्देशक तथा परियोजना संयोजक अजित गुप्ता, उद्योगपति बासु कार्कीलगायत विभिन्न उद्योग प्रतिष्ठानका प्रवन्धकहरुको सहभागिता रहेको थियो ।

कार्यक्रमका सभाध्यक्ष उज्वल चौलागाईले कार्यक्रमको आवश्यक्तालाई मध्यनजर गरी आयोजना गरिएको र उद्योग प्रतिष्ठान यस्ता कार्यक्रमहरुबाट लाभान्वित हुनसक्ने बताउनु भयो। कार्यक्रमका प्रमुख अतिथि बागमती प्रदेशका श्रम, रोजगार तथा यातायात मन्त्री एकालाल श्रेष्ठले हेटौंडामा नयाँ उद्योगहरु स्थापना गर्नुपर्ने बताउनु भएको छ ।

बागमती प्रदेश सरकारले श्रम तथा रोजगार नीतिलाई व्यवस्थित गर्न ड्राफ्ट तयारीको कार्य भइरहेको, सीप विकासका लागि आवश्यक कार्यविधि अन्तिम चरणमा रहेको र १० हजार नागरिकलाई रोजगार बनाउने योजना कार्यान्वयन गर्न गइरहेको मन्त्री श्रेष्ठले बताउनु भएको छ ।

समृद्धि प्रकाशन प्रा. लि. हेटौंडा, मकवानपुर
बालबालिकालाई मैत्रीपूर्ण वातावरणमा पढ्न, लेख्न सिकाउन अभिभावक जिम्मेवार बनौं ।

# लघुउद्यम विकास अभिमुखीकरण

समाज संवाददाता

हेटौंडाः मकवानपुरगढी गाउँपालिका-१ मा गरिबी निवारणका लागि लघुउद्यम विकास अभिमुखीकरण कार्यक्रम भएको छ । सोमबार मकवानपुरगढी गाउँपालिका लघुउद्यम विकास शाखाको आयोजनामा एक दिने वडास्तरीय लघुउद्यम विकास अभिमुखीकरण कार्यक्रम भएको मकवानपुरगढी गाउँपालिकाका कृषि अधिकृत तथा लघु उद्यम विकास कार्यक्रमका संयोजक चन्द्रकान्त चौधरीले जानकारी दिनुभयो ।

कार्यक्रममा वडाका लघुउद्यमीहरुलाई स्वरोजगार, रोजगार, साना उद्योगमा पहुँच बढाउने उद्देश्यले अभिमुखीकरण गरिएको चौधरीले बताउनुभयो । त्यस्तै अभिमुखीकरण कार्यक्रमबाट वडा नम्बर १ र २ गरी ८५ जना नयाँ लघुउद्यमीहरु छनोट गर्ने लक्ष्य रहेको उहाँले बताउनुभयो । कार्यक्रममा लघुउद्यम विकास सहजकर्ता सीता बुढाथोकी र प्रतिमा डाँगीले सहजीकरण गर्नुभएको थियो । मकवानपुरगढी गाउँपालिकाको १ नम्बर वडा अध्यक्ष आइत सिंह लोको अध्यक्षतामा सम्पन्न भएको कार्यक्रममा वडा सदस्यहरु, टोल विकास संस्थाका अध्यक्ष लगायतको उपस्थिति रहेको थियो ।

# फोनिजको जिल्ला भेला हुने

समाज संवाददाता

हेटौंडाः नेपाल आदिवासी जनजाति पत्रकार महासंघ (फोनिज) मकवानपुर शाखाको जिल्ला भेला हुने भएको छ । आइतबार बेलुका अनलाइन बैठकबाट आगामी फागुन २० गते शनिबार जिल्ला भेला गर्ने निर्णय गरेको हो ।

शाखाका अध्यक्ष अशोकसुजन श्रेष्ठको नेतृत्वमा बसेको बैठकले उपसमिति पनि निर्माण गरिसकेको छ । आर्थिक उपसमिति, कार्यक्रम व्यवस्थापन उपसमिति र मञ्च व्यवस्थापन उपसमिति निर्माण गरेको हो। फोनिजको नीति तथा विधान सम्मेलनलाई लक्षित गरी शाखाले जिल्ला भेला गर्न लागेको हो ।

# मकवानपुर बाल विद्या सदन

## हेटौंडा-१८, खड्कुले

## आमा



कृशव अधिकारी
कक्षा-९

नौ महिना कोखमा राखी जन्म दियौ आमा
हुर्कायौ, बढायौ अनि हिँड्न सिकायौ आमा
यो संसार के हो भन्ने तिमीले नै चिनायौ आमा
जीवनको सुन्दर बाटो तिमीले नै देखायौ आमा

एक्लै-एक्लै रुँदा म, तिमीले सँधै फकायौ आमा
एक्लो भए जस्तो हुँदा मेरो हात समायौ आमा
तिमीसंग हुँदा सँधै संसार पाए झैं लाग्छ आमा
मेरा दु:ख पीडाहरु तिमीसँग हुँदा भाग्छ आमा

बल्ल अहिले तिम्रो माया मैले बुझ्न थालें आमा
तिमीले देखाएको बाटोमा मैले पाइला चालें आमा
ढुक्क हुनु जीवनभरी तिम्रो सहारा बन्छु आमा
रोकिन्न म कहिँ पनि बाटो आफैं खन्छु आमा

## परिवार



समीर बिक
कक्षा-८

साउको ऋण तिर्न नसकी कता कता भागें
सुख दिन परिवारलाई म विदेश तिर लागें

राहदानी बनाउन बेचें आमाका तिलहरी
बा-आमा दु:ख देख्दा रुन्छ मन धरधरी

देश भित्रै इलम पाएसँगै हुन्थे बाबा-आमा
पर्दैनथ्यो पसिना पोख्न त्यो तातो बालुवामा

देशमा बस्ने रहर निमोठी खाडी मुलुक आएँ
मरुभूमिमा ऊँठ चराउने दु:खी काम पाएँ

परिवारलाई देख्छु सँधै म राती सपनामा
टाढा छु म भेट्न पाउँछु मात्र सम्झनामा

कहिले होला ऋण तिर्ने ? जोड्ने घरबार
बाक्सामा भेट्ने हुँ कि मैले, मेरो परिवार

## बचत



स्नेहा थापा,
कक्षा-६

खर्च धेरै गर्नु हुन्न, बचत गर्नुपर्छ
आपत् विपत् पर्दा बचतले काम दिन्छ

सबैलाई हामीले बचत गर्न सिकाऔं
बचत बढाई सबैलाई सवल बनाऔं

थोरै-थोरै बचत गर्दा ठुलो बचत हुन्छ
त्यही ठुलो बचतले व्यवसाय नि खुल्छ

अप्ठेरोमा बचतले नै दिन्छ हामीलाई फाइदा
धनी हुन बचत नै हो सबैभन्दा राम्रो काईदा

हेटौंडा रिफरेन्स ल्याबरोटरी

ELISA, CLIA तथा फुल्लि अटोमेटेड मेसिनद्वारा रगतको स्पेसल जाँचहरु गरिन्छ ।



Papcytology
-थाईराईड
-क्यान्सर
-रक्तअल्पता
-बाथरोग
-बाँझोपन
-भाइरस सम्बन्धी सम्पूर्ण परीक्षण गरिन्छ ।

साथै रगत, दिसा, पिसाब, पिप कल्चर समेत गरिन्छ ।

(HRL)

खुल्ने समय: विहान ७:00 बजेदेखि बेलुका ७:00 बजेसम्म

सञ्चालनको छोटो अवधिमै हाम्रो सेवालाई विश्वास गर्दै सेवा गर्ने अवसर दिनुहुने सम्पूर्ण सेवाग्राहीप्रति आभारसहित अब प्रत्येक महिनाको दोस्रो शनिबार सुगर जाँच निशूल्क र चौथो शनिबार थाइराइड जाँचमा ५0 प्रतिशत छुट हुने सहर्ष जानकारी गराउँदछौं।

थप जानकारीको लागि HRL
हेटौंडा रिफरेन्स ल्याबरोटरी,
हेटौंडा–१, भिन्तुनापथ सम्पर्क फोन नं.: ०५७–५२०४५७

बागमती प्रदेश सरकार
## स्वाथ्य मन्त्रालय
## स्वास्थ्य आपूर्ति व्यवस्थापन केन्द्र
हेटौंडा, नेपाल

## बोलपत्र स्वीकृत गर्ने आशयपत्रको सूचना

*सुचना प्रकाशित मिति:- २०७९/११/१६ गते*

यस केन्द्रबाट मिति २०७९/०९/१४ मा राष्ट्रिय पत्रिकामा आहृववान गरिएको तपशिल बमोजिमको बोलपत्र अन्तर्गत तपसिलको फर्म न्युनतम मूल्यांकित सारभुत रुपमा प्रभावग्राही देखिन आएकोले बोलपत्र स्वीकृतीको लागि छनौट भएको हुँदा सार्वजनिक खरिद ऐन, २०६३ को उपदफा २७(२) बमोजिम बोलपत्र स्वीकृत गर्न आशयको सुचना प्रकाशित गरिएको छ ।

| S.N. | Contract Name/Contract Number | Bidder/Nam/ Address | Amount (With VAT) |
|---|---|---|---|
| 1. | PROCUREMENT OF IMNCI PROGRAM MEDICINE, IFB No. HLMC/G/NCB–04/2079–80 | Bluemoon Meditech Pharma, Kathmandu | रु. 4,966,730.00 |

निर्देशक

## श्री जनप्रिय माध्यामिक विद्यालय
(प्राविधिक शिक्षालय)
हेटौंडा–१६, हटिया चिसापानी

## दर रेट पेश गर्ने वारेको सुचना

*(सूचना प्रकाशित मिति : २०७९/११/१६ गते)*

यस श्री जनप्रिय मावि (प्राविधिक शिक्षालय), हेटौंडा–१६, चिसापानी मकवानपुरका लागि देहायका सामग्रीहरु खरिद गर्नका लागि मिति २०७९।११।१५ गतेको खरिद समितिको निर्णय अनुसार विद्यालयलाई आवश्यक परेको निम्न सामानहरु सम्बन्धित फर्म तथा कम्पनिहरुले सुचना प्रकाशित मितिदेखि १५ (पन्ध्र) दिन भित्र विद्यालयले उपलब्ध गराएको ढाँचामा दररेट पेश गर्नुहुन सूचना आह्वान गरिएको छ ।

**तपसिल** :
**विज्ञापन नं. २/७९-८0**
१. डेक्स बेञ्च खरिद ।
२. पाठ्य पुस्तक खरिद
३. भित्ते लेखन (रंग रोगन) ।
४. खानेपानी फिल्टर (युरोगार्ड) ।
५. साउण्ड सिस्टम (उफर, स्पिकर, हेण्ड माईक) ।
६. वाद्य वादन सामान । विभिन्न जातजातिका भेषभुषाका सामान ।
७. प्लास्टिक टनेल ।
८. स्टेशनरी, मसलन्द, छपाईका सामान ।
९. ईलेक्ट्रिकल ल्याव प्रयोग सामान ।
१०. पोल्ट्रि फम (सेड, गोठ) निर्माण सामान ।
११. माछापोखरी मर्मतका सामान ।
१२. विभिन्न फर्निचर तथा फर्निचर निर्माण सामानहरु ।
फारम बुझाउने अन्तिम मिति: २०७९/११/३० गते ।
फाराम भर्ने अन्तिम दिन सार्वजनिक बिदा पर्न गएमा सोको भोलिपल्टसम्म दरखास्त बुझाउन सकिनेछ ।
**नोट**:- विद्यालयबाट दररेट फारम लिई तोकिएको मितिमा विद्यालय समय भित्र बुझाउनु पर्नेछ ।
**संलग्न गर्नुपर्ने प्रमाणित कागजातहरु**:
फर्म दर्ता, प्यान दर्ता, घरेलु दर्ता तथा करचुक्ता आदि प्रमाणपत्रको प्रतिलिपीहरु ।
सम्पर्क: ०५७–५३०१२२, ९८४५२३४७५५

सामाग्री खरिद समिति
श्री जनप्रिय माध्यामिक विद्यालय (प्राविधिक शिक्षालय)
हेटौंडा १६, हटिया चिसापानी

# न्यायिक समितिलाई स्पष्ट हुन मन्त्रीको निर्देशन

समाज संवाददाता

हेटौंडाः पालिकाको उपप्रमुख र न्यायिक समितिलाई कानुन र विधिको शासनका साथै व्यावहारिक न्याय निरुपणका लागि स्पष्ट रहन बागमती प्रदेश सरकारको आन्तरिक मामिला तथा कानुन मन्त्री गंगानारायण श्रेष्ठले निर्देशन दिनुभएको छ । सोमबार सिन्धुली जिल्लाका ६ वटा पालिकाका न्यायिक समितिका पदाधिकारीहरुका लागि आयोजित क्षमता अभिवृद्धिसम्बन्धी अन्तरक्रियालाई सम्बोधन गर्नुहुँदै मन्त्री श्रेष्ठले कतिपय पालिकामा क्षेत्राधिकार भन्दा बाहिर रहेर न्याय सम्पादन गरिएको पाइएको बताउनु भएको छ ।

मन्त्री श्रेष्ठले नियतबस भन्दा पनि अन्जानले बारम्बार गल्ती भैरहने भएकाले अब त्यस्ता गल्ती नदोहोऱ्याउनको निम्ति न्याय प्रदान गर्ने व्यक्ति नै स्पष्ट रहनुपर्ने बताउनु भयो । न्याय सम्पादन गर्ने व्यक्तिको सहजता तथा गलत न्याय सम्पादनका क्रममा त्रुटी न्यूनीकरणको उद्देश्यसहित बागमती प्रदेशको आन्तरिक मामिला तथा कानुन मन्त्रालयले बागमती प्रदेशका १० जिल्लामा क्षमता अभिबृद्धिसहितको अन्तरक्रिया सन्चालन गर्ने जनाउनुभएको छ ।

सत्य न्याय निरुपणका लागि बागमती प्रदेश आन्तरिक मामिला तथा कानुन मन्त्रालयका कानुन सचिव बिनोद भट्टराईले स्थानीय न्यायिक समितिका पदाधिकारीलाई क्षमता अभिबृद्धि अन्तर क्रिया कार्यक्रमको सहजीकरण गर्नुभएको थियो ।

# बागमतीमा लखन थापा वृहत् पार्कको सिलान्यास



समाज संवाददाता

हेटौंडाः पूर्वी मकवानपुरको बागमती गाउँपालिकामा नेपालको प्रथम सहीद लखन थापाको सालिकसहितको वृहत् पार्क बन्ने भएको छ । बागमती-७, लामिटार मा निर्माण गरिने पार्कको सोमबार बागमती प्रदेश सभाका सदस्य प्रेम बहादुर पुलामी र बागमती गाउँपालिकाका अध्यक्ष सर्केश घलानले संयुक्तरुपमा सिलान्यास गर्नुभएको छ । पार्क निर्माण समितिको संयोजक खड्का बहादुर पुलामी रहनुभएको छ ।

मगर संघको ४१ औं स्थापना दिवसको अवसरमा सोमबार आयोजित कार्यक्रमकाबीच पार्कको सिलान्यास गरिएको हो । पार्क करिब अढाई विघा क्षेत्रफलमा बन्ने संयोजक पुलामीले जानकारी दिनुभयो । बागमती प्रदेश सभाका सदस्य प्रेम बहादुर पुलामीले आगामी वर्ष बागमती गाउँपालिकालाई प्राथमिकतामा राखेर बजेट विनियोजन गर्ने बताउनुभयो । गाउँपालिका अध्यक्ष सर्केश घलानले पालिकाभित्रका सबै जातिको भाषा, कला, संस्कार तथा संस्कृति संरक्षणका लागि स्थानीय सरकार सधै प्रतिबद्ध रहेको बताउनुभयो ।

मगर समुदायको सम्मानमा पालिकाले सार्वजनिक विदा दिएको र आगामी दिनमा पालिकाको क्यालेण्डरमै विदा राखिने उहाँले बताउनुभयो । अध्यक्ष घलानले पार्कको विस्तृत परियोजना प्रतिवेदन (डिपिआर) सहितको व्यवस्थापन गर्ने प्रतिबद्धता जनाउनुभएको छ । पार्क निर्माणका लागि अहिले निर्माणस्थलको निरीक्षण गरिएको र आवश्यक बजेटका लागि तीनै तहका सरकारसँग पहल भइरहेको संयोजक पुलामीले बताउनुभयो । कार्यक्रममा गाउँपालिकाका उपाध्यक्ष फणिन्द्र तिमल्सिना, वडाध्यक्षहरुको सहभागिता रहेको थियो ।

# मगर संघ स्थापना दिवसमा ९ जना सम्मानित



समाज संवाददाता

हेटौंडाः नेपाल मगर संघको स्थापना दिवसमा सोमबार ९ जनालाई सम्मान गरिएको छ । नेपाल मगर संघ जिल्ला समन्वय समिति मकवानपुरको आयोजनामा भएको कार्यक्रममा पत्रकारदेखि विद्यार्थीलाई सम्मान गरिएको हो ।

पत्रकार कृष्ण सारु मगर र आईटी विषयमा स्नातकोत्तर तहमा अध्ययनरत् हेटौंडा-४ निवासी अनिल थापा मगरलाई संघले ४१ औं स्थापना दिवसमा सम्मानित गरेको छ । संघले नेपाल मगर संघका अनुशासन विभाग संयोजक अशोक सारु मगरलाई पनि सम्मान गरेको छ ।

यस्तै, ज्ञान थापा मगर, तीर्थ थापा मगर, रामकुमार थापा मगरलाई विभिन्न क्षेत्रबाट योगदान पुऱ्याएको भन्दै सम्मानित गरिएको छ । विद्यार्थी संगठन केन्द्रीय अध्यक्ष चित्रबहादुर पुलामी मगर र केन्द्रीय सदस्य शिव पुलामी गगरलाई सम्मानित गरिएको छ । संघले सम्मानपत्रसहित दोसल्लाले सम्मान गरेको हो । पीएम सेन्टरका सञ्चालक प्रमेन्द्र महर्जनलाई पनि कदरपत्रले सम्मानित गरिएको छ ।

नेपाल मगर संघ जिल्ला समन्वय समिति मकवानपुरका अध्यक्ष सन्देश तुम्लिङ मगरको सभाध्यक्ष तथा हेटौंडा उपमहानगरपालिकाकी प्रमुख मीनाकुमारी लामाको प्रमुख आतिथ्यमा कार्यक्रम भएको हो । मेयर लामाले आउँदो वर्षमा संघको भवन निर्माणका लागि सहयोग गर्ने प्रतिबद्धता जनाउनुभयो । राष्ट्रिय कलाकार शशी मगरले कोरा गीतदेखि मगर समुदायको मगर नृत्यसमेत प्रस्तुत गर्नुभएको थियो । कार्यक्रममा स्थानीय कलाकारले पनि नृत्य र गायन प्रस्तुत गरेका थिए ।

# बंशगोपाल माविको पञ्चवर्षीय योजना

समाज संवाददाता

हेटौंडाः हेटौंडा-६, चौघडास्थित बंशगोपाल माविले पञ्चवर्षीय योजना सार्वजनिक गरेको छ । शुक्रबार एक समारोहकाबीच विद्यालयले आगामी पाँच वर्षकाका लागि योजना सार्वजनिक गरेको विद्यालय व्यवस्थापन समितिका अध्यक्ष श्याम प्रसाद श्रेष्ठले जानकारी दिनुभयो । "विद्यालय एउटा सूर्य हो, जहाँबाट ज्ञानको घाम उदाउँछ र अज्ञानताको अन्धकार अस्ताउँछ" भन्ने मान्यता वार्षिक योजना सार्वजनिक गरेको अध्यक्ष श्रेष्ठले बताउनुभयो ।

विद्यालयको शैक्षिकस्तर सुधार गर्ने, नतिजास्तर बढाउने, कक्षा दोहोऱ्याएर पढ्ने दर घटाउने, शिक्षक-विद्यार्थी दुवैको अनुपस्थितिको दर घटाउने, विद्यार्थी सख्या बढाउन अभिभावकको चासो बढाउने, प्राविधिक तथा विद्यालयको १२ कक्षासम्मको शैक्षिक स्थिति सुधार गरी सबै कक्षा प्रविधिमैत्री बनाउने, उत्कृष्ट नतिजा ल्याउने शिक्षक र विद्यार्थी दुवैलाई पुरस्कृत गरी विद्यालयलाई जिल्लाकै नमुना विद्यालयको रुपमा रुपान्तरण गर्ने उद्देश्य रहेको अध्यक्ष श्रेष्ठले बताउनुभएको छ ।

विद्यालयले वडा अध्यक्ष बिष्णु बहादुर दाहालको प्रमुख आतिथ्यमा विद्यालय व्यवस्थापन समिति, शिक्षक अभिभावक संघ, शिक्षक र कर्मचारीको उपस्थितिमा व्यापक छलफल गरी सभाले सर्वसम्मतले पञ्चवर्षीय वार्षिक योजना पारित गर्दै सार्वजनिक गरेको हो । विद्यालयमा हाल २४ जना शिक्षक र ९ सय विद्यार्थी छन् । पञ्चवर्षीय योजना सार्वजनिक गर्ने कार्यक्रममा वडा अध्यक्ष दाहाल, विद्यालय व्यवस्थापन समितिका अध्यक्ष श्यामप्रसाद श्रेष्ठ, प्रधानाध्यापक रमेशप्रसाद लामिछाने, व्यवस्थापन समितिका सदस्य रामशरण दुलाल, अमुना सापकोटा, शिक्षक अभिभावक संघकी अध्यक्ष सन्ध्या श्रेष्ठको उपस्थिति रहेको थियो ।

# ॐ वृद्धाश्रमलाई वासिङ मेशिन प्रदान

समाज संवाददाता

हेटौंडाः हेटौंडा उपमहानगरपालिका ४ वडा नम्बर कार्यालयले हेटौंडा-२ स्थित ॐ वृद्धाश्रमलाई वासिङ मेशिन र प्रिन्टर तथा फोटोकपी मेशिन हस्तान्तरण गरेको छ । एक लाख रुपैयाँ बराबरको वासिङ मेशिन तथा प्रिन्टर हस्तान्तरण गरिएको ४ नम्बर वडा अध्यक्ष नवीन सिग्देलले जानकारी दिनुभयो ।

वडाध्यक्ष सिग्देलले आश्रमका अध्यक्ष सिद्विलाल श्रेष्ठलाई उपकरण हस्तान्तरण गर्नुभएको हो ।

वासिङ मेशिन र प्रिन्टर हस्तान्तरण गर्नुहुँदै वडा अध्यक्ष सिग्देलले आश्रममा आश्रय लिइरहेका बेसाहारा आमाबुवाहरूको सहजताका लागि वडा कार्यालयको तर्फबाट सहयोग गर्न पाउँदा खुसी लागेको बताउनुभयो । उहाँले भौतिक विकाससँगै सामाजिक विकासमा ४ नम्बर वडा कार्यालयले ध्यान दिइरहेको भन्दै सबैको सहयोग आवश्यक रहेको बताउनुभयो ।

# ज्वालादेवीको प्रअमा फयाल, सहायक प्रअमा लुइँटेल



प्रधानाध्यापक सरोज फुयाल र सहायक प्रधानाध्यापक देवी लुइँटेल ।

समाज संवाददाता

हेटौंडाः मकवानपुरगढी गाउँपालिका-४, फिर्केपाखास्थित ज्वालादेवी आधारभूत विद्यालयको प्रधानाध्यापकमा सरोज फयाल र सहायक प्रधानाध्यापकमा देवी लुइँटेल नियुक्त हुनुभएको छ । विद्यालय व्यवस्थापन समितिको निर्णय तथा शिक्षा विकास तथा समन्वय इकाईको स्वीकृतिपछि प्रधानाध्यापकमा फयाल र सहायक प्रधानाध्यापकमा लुइँटेललाई शुक्रबारदेखि जिम्मेवारी प्रदान गरिएको हो । यसअघि प्रधानाध्यापकमा कमल सापकोटा र सहायक प्रधानाध्यापकमा राज्यलक्ष्मी श्रेष्ठले जिम्मेवारी सम्हाल्नु भएको थियो ।

१५ वर्षदेखि राहत अनुदानतर्फ निमावि दरबन्दीमा कार्यरत फयालका अनुसार विद्यालयको सुधारका लागि अभिभावक र समुदायको चासो बढाउनुपर्ने आवश्यकता छ । समुदायको बीच भागमा रहेको ८ कक्षासम्म पठनपाठन हुने विद्यालयमा १ सय १५ जना विद्यार्थी अध्ययनरत छन् । विद्यालयमा निमावि तहका ३ जना शिक्षक राहत अनुदान कोटाका छन् भने प्रावि तहमा ४ जना स्थायी दरबन्दीका शिक्षक छन् । यस्तै प्रारम्भिक बालविकास कक्षाका २ जना र कार्यालय सहयोगी एकजना कार्यरत छन् ।

जनजाति समुदायको बाहुल्य रहेको उल्लेख गर्नुहुँदै प्रधानाध्यापक फयालले अभिभावकको चेतना अभिवृद्धि गरी विद्यार्थीलाई प्रभावकारी शिक्षा प्रदान गर्ने प्रयास गरिने बताउनुहुन्छ । अभिभावकको चासो बढाउन घरदैलो गर्नुका साथै अभिभावकसँग विद्यालयले नियमित अन्तर क्रिया गर्ने योजना पनि प्रधानाध्यापक फयालको छ । भौतिक संरचना पर्याप्त रहेको विद्यालयको समग्र विकासमा पूर्वविद्यार्थीसँग पनि हातेमालो गर्ने प्रधानाध्यापक फयालले बताउनुभएको छ ।

इन्जिनियरिङ तथा आर्किटेक्चर सेवाका लागि
हामी छौं सुन्दर नगरी हेटौंडामा

घरको नक्सा, डिजाइन, घरको थ्रीडी, डीपीआर, आइईई, ईआइए, इन्जिनियरिङ्ग सर्भे, लागत अनुमान, मूल्यांकन, स्टील स्ट्रक्चर, सम्पूर्ण निर्माणको कार्य, मास्टर प्लान, सुपरभिजन, इन्टेरियर डिजाइनको कार्यहरुका लागि सम्झनुहोस् ।
Group of Engineering Pvt. Ltd.
केवी ग्रुप अफ इन्जिनियरिङ प्रालि
हेटौंडा-२, नगरपालिकारोड
०५७-५२४६९४/९८४३०२८६३५

हार्दिक बधाई

सुनचाँदी व्यवसायी संघ मकवानपुरको मिति २०७९ साल फागुन १३ गते शनिबार सम्पन्न चौथो अधिवेशनबाट पवन शाक्यको नेतृत्वमा नवनिर्वाचित समितिलाई हार्दिक बधाई ज्ञापन गर्दै सफल कार्यकालको शुभकामना व्यक्त गर्दछौं ।
प्रो. संगीता सुनार रसाईली
एवम् नमोवुद्ध सुनचाँदी पसल परिवार
हेटौंडा-१०, बासुदेवमार्ग

हार्दिक आभार

सुनचाँदी व्यवसायी संघ मकवानपुरको मिति २०७९ साल फागुन १३ गते शनिबार सम्पन्न चौथो अधिवेशनबाट मलाई सर्वसम्मत अध्यक्ष चयन गर्नुभएकोमा सम्पूर्ण सदस्य व्यवसायीप्रति हार्दिक आभार व्यक्त गर्दछु । साथै व्यवसायीको हितमा आफ्नो कार्यकालमा उल्लेखनीय कार्य गर्ने प्रतिवद्धता समेत व्यक्त गर्दछु ।
पवन शाक्य, अध्यक्ष
सुनचाँदी व्यवसायी संघ मकवानपुर
हेटौंडा, मकवानपुर




समृद्धि प्रकाशन प्रा.लि. द्वारा प्रकाशित, ठेगानाः हेटौंडा-४, अजरअमररोड, ०५७-५२६८३०, Email:sambridhasamaj@gmail.com, website:www.samriddhasamaj.com, प्रबन्ध निर्देशकः रोजिना श्रेष्ठ, सम्पादकः सुरेश श्रेष्ठ